# विद्यार्थीको CoAlt ELAELA तथा गणित प्राप्ताङ्क रिपोर्टहरूमा पहुँच

## जुन महिनामा काइट परिवार पोर्टलमार्फत् उपलब्ध हुने

हामी प्रारम्भिक CoAlt अङ्ग्रेजी भाषा कला (ELA) तथा गणित विद्यार्थी कार्यसम्पादन रिपोर्टहरू जुन **13, 2025** मा काइट परिवार पोर्टलमार्फत् उपलब्ध हुने कुरा बताउन पाउँदा उत्साहित छौं। CoAlt मूल्याङ्कन यस्तो मूल्याङ्कन हो जो लागू हुने ग्रेडहरूका विद्यार्थीहरूलाई उनीहरूले कोलोराडो शैक्षिक स्तरहरूको विस्तारित प्रमाण परिणामहरू पूरा गरे नगरेको निर्धारण गर्न राज्यभरि प्रदान गरिन्छ। यस सुरक्षित मञ्चले तपाईँलाई CoAlt मूल्याङ्कनको ELA तथा गणितमा आफ्नो विद्यार्थीको कार्यसम्पादनका विषयमा जानकारी हेर्ने एक सहज तरिका प्रदान गर्दछ।

आफ्नो विद्यार्थीका रिपोर्टहरू हेर्नका लागि, तपाईँले आफ्नो विद्यार्थीको रजिस्ट्रेसन कोड तथा आइडि नम्बर सहित वार्षिक रूपमा रजिस्टर गर्नु पर्ने छ। आफ्नो इमेल रजिस्टर गरिसकेपछि, लग इन गरेर रिपोर्टहरू हेर्नका लागि तपाईँले 24 घण्टाका लागि मान्य हुने एउटा अस्थायी एक्सेस कोड प्राप्त गर्नु हुने छ।

2024-2025 स्कूल वर्षको तथ्याङ्कका लागि, CDE ले CoAlt DLM ELA तथा गणित मूल्याङ्कनहरूमा सहभागी भएका विद्यार्थीहरूका लागि सम्पूर्ण रजिस्ट्रेसन कोडहरू उत्पन्न गरिसकेको छ। ती कोडहरू तपाईँसँग तपाईँको विद्यार्थीको स्कूलद्वारा साझा गरिने छन्।

## आफ्नो विद्यार्थीको CMAS/ CoAlt रिपोर्टमा पहुँच राख्ने चरणहरू

- काइट परिवार पोर्टल: https://parentportal.kiteaai.org/login मा जानुहोस्
- तपाईँलाई लग इन गर्नका लागि निम्न जानकारी आवश्यक पर्नेछ:
  - विद्यार्थीको राज्य आइडि (SASID) – तपाईँले आफ्नो विद्यार्थीको राज्य आइडि DPS अभिभावक पोर्टलमा, वा विद्यार्थी आइडि पुनर्प्राप्ति औजारमा गई आफ्नो विद्यार्थीको जानकारी – विद्यार्थीको नाम, जन्ममिति, ग्रेड, प्राथमिक जिप कोड - प्रविष्ट गरेर प्राप्त गर्न सक्नुहुनेछ।
  - विद्यार्थीको विशिष्ट रजिस्ट्रेसन कोड – यस परीक्षण अवधिका लागि तपाईँको विद्यार्थीको स्कुलले तपाईँलाई दिएको कोड
- लग इन गर्नका लागि परिवार पोर्टलका प्रम्प्टहरू पछ्याउनुहोस्

## तपाईँले रिपोर्टमा के प्राप्त गर्नु हुने छ

सम्पूर्ण विषयहरूमा वर्तमान वर्षका लागि प्राप्ताङ्क रिपोर्टहरू यी रिपोर्टहरूमा अन्तरनिर्मित प्राप्ताङ्क रिपोर्ट चरणबद्ध गाइड सामेल रहने छ। यसमा प्राप्ताङ्क रिपोर्टका प्रमुख तत्वहरू व्याख्या गर्ने एक औजार पनि रहेको छ। रिपोर्टहरू तथा चरणबद्ध गाइडहरूमा कसरी पहुँच राख्ने भन्ने विषयमा विस्तृत निर्देशनहरू काइट परिवार पोर्टल प्रयोगकर्ता मार्गदर्शन मा प्राप्त गर्न सकिने छ।